विधेयक सङ्ख्याः-

आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि मधेश प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८३

मधेश प्रदेश सभा

जनकपुरधाम, नेपाल

आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि मधेश प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति

....

सम्वत् २०८३ सालको ऐन नं.......

<u>प्रस्तावना</u>:- आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि मधेश प्रदेश सञ्चितबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः-</u> (१) यस ऐनको नाम **"मधेश प्रदेश विनियोजन ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन विक्रम संवत् २०८३ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०८३/८४ को लागि मधेश प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार</u>:- आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-१ बमोजिम मधेश प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रु. ४९,२४,१४ लाख (अक्षरेपि उनान्पचास अर्ब चौबिस करोड चौध लाख) मा

नबढाई निर्दिष्ट गरिए बमोजिम मधेश प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. <u>विनियोजनः-</u> यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

४. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः-</u> (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानुनको अधीनमा रही आर्थिक वर्ष २०८३/८४ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(४) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले विक्रम संवत् २०८३ साल असोज मसान्तभित्र विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नु पर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी बजेट सूचना प्रणालीमा प्रविष्टिको लागि मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

तर त्यस्तो समयावधिभित्र बाँडफाँट हुन नसक्ने मनासिब आधार र कारण सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतले अनुरोध गरेमा मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले आवश्यकता र औचित्य हेरी कार्तिक मसान्तसम्म बाँडफाँट गरी दिन सक्नेछ। सो अवधिसम्म पनि बाँडफाँट नभएको रकम स्वतः रोक्का हुनेछ।

(५) यस दफा बमोजिम विनियोजित रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

५. <u>रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्था</u>:- (१) दफा ३ बमोजिम अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने वा कुनै अनुदान सङ्ख्यामा अपुग हुने

देखिएमा मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्या भित्रको बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदान सङ्ख्या ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) मधेश प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ। तर, एउटा आयोजना र कार्यक्रमको सट्टा अर्कै आयोजना र कार्यक्रम हुने गरी संशोधन गर्न पाइने छैन।

(६) सम्बन्धित लेखा उत्तरदायी अधिकृतले आयोजना वा कार्यक्रम संशोधन वा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पच्चीस प्रतिशत सम्म रकमान्तर गर्न सक्नेछ।

(७) लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिमको अवस्थामा रकमान्तर गर्न पाउने छैनः-

(क) सुरु विनियोजन नभएको खर्च शीर्षकमा,

(ख) नयाँ क्रियाकलापमा,

(ग) आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा वा

(घ) असार महिनामा।

(८) रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोसाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घर भाडा जस्ता अनिवार्य दायित्वमा

विनियोजन भएको रकम सोही खर्च शीर्षक बाहेक अन्य खर्च शीर्षकमा तथा पुँजीगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन।

(९) विनियोजन ऐनमा समावेश भएको प्रदेश स्रोत तर्फको कुनै रकम र सो रकमबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म कार्यान्वयन नभई विनियोजित रकम बाँकी रहेमा वा बाँकी अवधिमा समेत खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम वैशाख सात गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

(१०) चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाका लागि रकमान्तर गरी बजेट थप गर्नु पर्ने भएमा त्यस्तो आयोजनामा सुरु विनियोजन भएको रकमको पाँच गुणाभन्दा बढी रकमान्तर गर्न पाइने छैन।

(११) यस ऐन बमोजिम कुनै आयोजना वा कार्यक्रमको लागि एकमुष्ट रूपमा विनियोजन भएको रकम सम्बन्धित मन्त्रालयबाट स्वीकृत कार्यविधिको आधारमा लेखा उत्तरदायी अधिकृतले असोज मसान्त भित्र बाँडफाँट गर्नु पर्नेछ।

(१२) मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले प्रदेश सरकारको आन्तरिक स्रोत प्राप्तिमा आधारित भई विनियोजित क्रियाकलापहरूलाई आवश्यकता अनुसार

आर्थिक वर्षको जुनसुकै बखत रोक्का वा बजेट समर्पण गराउन सक्नेछ।

(१३) चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम भित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट खरिद सम्झौता भई बचत भएको रकमबाट प्रचलित कानुन बमोजिम हुने भेरिएशन बाहेक थप खरिद कार्य गर्न पाइने छैन। यसरी बचत हुने रकम अर्थ मन्त्रालयमा समर्पण गर्नु पर्नेछ।

(१४) मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले स्वीकृत क्रियाकलापमा अर्थ विविधबाट आवश्यकता अनुसार रकम थप गर्न सक्नेछ।

(१५) मधेश प्रदेश सरकारको तर्फबाट कुनै विषयमा अदालतमा मुद्दा दायर गर्न वा परेको मुद्दाहरूको प्रतिवाद गर्न तथा न्याय निरूपण कार्यमा लाग्ने खर्च सम्बन्धित निकायको माग र आवश्यकता तथा यथार्थ खर्चको विवरण बमोजिम अर्थ मन्त्रालयले आर्थिक वर्षको सुरुदेखि नै उपलब्ध गराउन बाधा पर्ने छैन।

(१६) प्रदेश सभा र प्रदेश सभा सचिवालयको लागि सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले स्वीकृत गरेको कार्यक्रम चालु आर्थिक वर्षको कार्यक्रममा समावेश गरिनेछ।

(१७) चालु खर्चतर्फको तलब, पारिश्रमिक भत्ता, पोसाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार

महसुल र घर भाडा जस्ता अनिवार्य दायित्व बाहेक अन्य शीर्षकमा बजेट थप गर्न वा रकमान्तर गर्न पाइने छैन।

(१८) एक मन्त्रालयबाट अर्को मन्त्रालय वा एक निकायबाट अर्को निकायमा कार्यक्रम हस्तान्तरण कार्तिक मसान्तसम्म दुवै मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले गर्न सक्नेछ।

६. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण</u>:- (१) अनुदान सङ्केत ८०१ को रकम मधेश प्रदेश अन्तर्गतका स्थानीय तहले प्रचलित कानुन बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा विक्रम संवत् २०८३ सालको असोज २ गते, मङ्सिर २ गते, फाल्गुण २ गते र विक्रम संवत् २०८४ साल ज्येष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (२) बमोजिमको समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्य तथा नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानको प्राप्तिको अनुपातको आधारमा र चौथो किस्ता चैत मसान्तसम्मको राजस्व सङ्कलन र

लक्ष्य तथा नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानको प्राप्तिको अनुपातको आधारमा पुनः निर्धारण गरी स्थानीय तहलाई हस्तान्तरण गरिनेछ।

(४) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक तिहाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा विक्रम संवत् २०८३ साल भदौ २ गतेभित्र हस्तान्तरण गरिनेछ।

(५) स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो, सोही आयोजना वा कार्यक्रमको लागि खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमानमा समावेश गरी साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम आयोजना वा कार्यक्रमको स्वीकृत कार्ययोजना अनुसारको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले विक्रम संवत् २०८३ सालको मङ्सिर १५ गते, चैत १५ गते र विक्रम संवत् २०८४ सालको असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण विक्रम संवत् २०८४ सालको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) समानीकरण अनुदान बाहेक अन्य अनुदानको रकम खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(८) स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको सारांश अनुसूची-३ बमोजिम हुनेछ।

७. <u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्थाः</u>- (१) यस ऐन बमोजिम मधेश प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा मधेश प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय सहित बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयमा विक्रम संवत् २०८३ साल भदौ मसान्तभित्र पठाउनु पर्नेछ।

(२) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहले मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयको

सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले विक्रम संवत् २०८३ साल भदौ मसान्तभित्र त्यस्तो आयोजना वा कार्यक्रम मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ। सो अवधि पश्चात् यसरी गराउन पाइने छैन।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी अर्थ मन्त्रालयले, मधेश प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी मधेश प्रदेशको एकल कोष खाता प्रणालीमा स्थानीय तहको कार्यालयलाई प्रादेशिक निकायको रूपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित मधेश प्रदेश कानुन बमोजिमको रकम निकासा दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम मधेश प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा स्थानीय तहले मधेश प्रदेश निकायको नाममा सम्बन्धित मधेश प्रदेश लेखा नियन्त्रक

कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ।

(६) मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सुनिश्चितता प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्तो स्रोत सुनिश्चितता स्वतः निष्क्रिय हुनेछ।

(७) प्रचलित कानुन बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्य सञ्चालन (विविध) खाताबाट खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ र सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र प्रदेश सरकारलाई फिर्ता गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम फिर्ता गर्नु पर्ने रकम फिर्ता नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो खातामा रहेको रकम रोक्का राख्न सक्नेछ र अर्थ

मन्त्रालयले त्यस्तो रकम बराबर आगामी आर्थिक वर्षमा उपलब्ध गराउने सशर्त अनुदान बाहेक अन्य अनुदान रकमबाट कट्टा गर्नेछ।

(९) अर्थ मन्त्रालयबाट स्रोत सहमति लिई कार्यान्वयनमा रहेको वा सो सहमतिले सिर्जित दायित्व भएको आयोजना वा कार्यक्रमको स्रोत व्यवस्थापन पूर्ण रुपमा सुनिश्चित गरेर मात्र नयाँ कार्यक्रम वा आयोजना कार्यान्वयनमा लैजानु पर्नेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था**:- (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा प्रचलित कानुनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट मधेश प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम प्रदेश तथा स्थानीय तहले

कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारबाट निर्दिष्ट ढाँचामा खर्च गर्ने निकायले छुट्टै अभिलेख राखी निर्धारित समयमा सम्बन्धित मन्त्रालय, शोधभर्ना माग गर्ने निकाय र मधेश प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेस नभएको कारणबाट खर्च रकम शोधभर्ना हुन नसकेमा यसरी शोधभर्ना हुन नसकेको बराबरको रकम दफा ७ को उपदफा (८) बमोजिम कट्टा गरी समायोजन गरिनेछ।

(५) नेपाल सरकारबाट मधेश प्रदेश सरकारलाई हस्तान्तरण भएको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकममध्ये खर्च नभई आर्थिक वर्षको अन्त्यमा बचत भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले मधेश प्रदेश सञ्चित कोष बाट सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न सक्नेछ।

(६) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मधेश प्रदेश सरकारबाट बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी)का निकायलाई प्राप्त हुने अनुदानको प्रचलित कानुन बमोजिम आन्तरिक तथा अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ।

९. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था</u>**:- (१) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानुन बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानुन बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा मधेश प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुसरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा अन्य प्रचलित कानुनले निर्धारण गरे बमोजिमको आय-व्ययको

वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागू गर्नु पर्ने।

(३) मधेश प्रदेश आर्थिक ऐन, २०८३ बमोजिम स्थानीय तहले सङ्कलन गर्ने मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्वको चालिस प्रतिशतले हुन आउने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बाँडफाँट गरी दाखिला गर्नु पर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन कर र वित्तीय समानिकरण अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

१०. कानुन विपरीत विनियोजन भएको नमानिनेः- (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्त्विक फरक नपर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट तथा विनियोजनमा भएको

त्रुटि मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यका लागि रकम विनियोजन गर्दा प्रचलित कानुन बमोजिम पूरा हुनुपर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानुन विपरीत विनियोजन भएको मानिने छैन।

११. <u>कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः</u>- (१) यस ऐनको कार्यान्वयन गर्न मधेश प्रदेश सरकारका विषयगत मन्त्रालयले आवश्यकता अनुसार आवश्यक कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा अर्थ मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

१२. <u>आवश्यक व्यवस्था गर्न सक्ने</u>ः- (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्ले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश मधेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१३. <u>सहमति लिनुपर्नेः</u>- (१) मधेश प्रदेश सरकारका निकायहरूले सवारी साधन खरिद, कार्यालय सञ्चालनका लागि घर भाडा, अतिरिक्त समयको खाना तथा खाजा

भत्ता जस्ता कानुनमा व्यवस्था भए बाहेकका अन्य भत्ता तथा थप आर्थिक दायित्व सृजना हुने विषयमा निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(२) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति नलिई थप आर्थिक दायित्व सृजना हुने गरी कुनै निर्णय गरिएमा त्यस्तो थप आर्थिक दायित्वको लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालय बाध्य हुने छैन।

१४. <u>विविधः</u>-

(१) यस ऐन बमोजिम विनियोजित रकममा उल्लेखित कार्यक्रमको खरिद प्रक्रिया विक्रम संवत् २०८३ साल साउन १ गतेदेखि सुरु गर्न सकिनेछ।

(२) आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना हुने गरी विक्रम संवत् २०८४ साल जेठ १५ गते पछि पुँजीगत शीर्षकको खरिद प्रक्रिया अगाडी बढाउन पाइने छैन।

(३) चालु खर्चतर्फको तलब, उपदान, पोशाक र महँगी भत्ता बाहेक जेठ महिना र असार महिनामा हरेक महिना कुल विनियोजनको दश प्रतिशत भन्दा बढी हुने गरी खर्च गर्न पाइने छैन।

(४) खारेज वा मर्ज हुने मन्त्रालय तथा निकायका पुँजीगत कार्यक्रमहरू जिम्मेवारी प्राप्त गर्ने मन्त्रालयबाट कार्यान्वयन हुनेछन्। त्यस्ता निकायको चालुतर्फ विनियोजित बजेट अर्थ मन्त्रालयको अर्थ विविध शीर्षकमा स्वतः जम्मा हुनेछ र त्यस्ता निकायमा कार्यरत करारका कर्मचारीहरू खारेजी वा मर्ज भएको दिनदेखि स्वतः अवकाश भएको मानिनेछ।

(५) तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रममा सहभागीलाई प्रदान गरिने भत्ता लगायतका खर्चहरू नियमानुसार कर कट्टी गरी सहभागीको बैङ्क खातामा प्रणाली मार्फत जम्मा हुने गरी भुक्तानी आदेश जारी गर्नु पर्नेछ।

(६) एकभन्दा बढी उपक्रियाकलाप समावेश भएको क्रियाकलापको बजेट स्पष्ट नभएमा कुल रकमका आधारमा समानुपातिक रूपमा यकिन गरी सम्भव भएसम्म एकमुस्ट र प्रतिस्पर्धात्मक विधिबाट कार्यान्वयन गर्नु पर्नेछ। यद्यपि, योजनाको प्रकृति र औचित्य हेरी लागत सहभागिता आवश्यक पर्ने योजनाहरू (सिँचाइ र खानेपानी) प्रचलित कानुन बमोजिम छुट्टाछुट्टै कार्यान्वयन गर्न बाधा पर्नेछैन। कुनै एक उपक्रियाकलाप कार्यान्वयनमा ढिलाइ भएमा अन्य उपक्रियाकलाप सञ्चालन गर्न नरोकिने र यस दफाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

(७) यस ऐन बमोजिम मधेश प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका

आयोजना वा कार्यक्रमहरू स्वीकृत बजेटको अधीनमा रही, बजेटमा तोकिएको परिमाण र स्थानका आधारमा लागत अनुमान स्वीकृत गरी सम्बन्धित निकाय वा मातहतका निकाय मार्फत छुट्टाछुट्टै वा एकमुस्ट रूपमा सञ्चालन गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिम सञ्चालन हुने आयोजना वा कार्यक्रममा समावेश हुने क्रियाकलापहरू सम्बन्धित विषयगत मन्त्रालयबाट स्वीकृत हुने वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधिमा उल्लेख गर्नु पर्नेछ।

अनुसूची - १

दफा २ सँग सम्बन्धित

(नेपालको संविधान बमोजिम)

<u>प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

रु.हजारमा

१	२	३	४	५	६	७
क्र.स.	अनुदान संख्या र उपशीर्षक संकेत संख्या	मन्त्रालय/निकायकोनाम	चालु तर्फ	पूँजीगत तर्फ	वित्तीय व्यवस्था	कुल बजेट
१.	२०२	प्रदेश सभा	१५०६०	०	०	१५०६०
२.	२१०	प्रदेश लोकसेवा आयोग	७४७४	०	०	७४७४
३.	५०२	अर्थ- आन्तरिक ऋण भुक्तानी	०	०	०	०
कुलजम्मा			२२५३४	०	०	२२५३४

अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

१	२	३	४	५	६	७
क्र.सं.	अनुदान संख्या र उपशीर्षक संकेत संख्या	शीर्षकको नाम	चालु तर्फ	पूँजीगत तर्फ	वित्तीय व्यवस्था	कुल बजेट
१.	२०२	प्रदेश सभा	४२२८६४	७२२२१	०	४९५०८५
२.	२१०	प्रदेश लोकसेवा आयोग	१८९६७९	६१९०	०	१९५८६९
३.	२१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	२५६६६	६०००	०	३१६६६
४.	३०१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३१२३६१	४३०७५	०	३५५४३६
५.	३०५	अर्थ मन्त्रालय	१७४८४४	१४७५०	०	१८९५९४

१	२	३	४	५	६	७
क्र.स.	अनुदान संख्या र उपशीर्षक संकेत संख्या	शीर्षकको नाम	चालु तर्फ	पूँजीगत तर्फ	वित्तीय व्यवस्था	कुल बजेट
६.	३०७	उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय	३३२७६५	२१४३५७१	०	२४७६३३६
७.	३१२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३४२४१३१	६०२३५७	०	४०२६४८८
८.	३१३	ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय	४८०३६१	५८८६६०४	०	६३६६९६५
९.	३१४	गृह सञ्चार तथा कानून मन्त्रालय	१६७०७७	५१६३६०	०	६८३४३७
१०.	३२९	वन तथा वातावरण मन्त्रालय	१०३१८६९	७१४३३९	०	१७४६२०८

१	२	३	४	५	६	७
क्र.स.	अनुदान संख्या र उपशीर्षक संकेत संख्या	शीर्षकको नाम	चालु तर्फ	पूँजीगत तर्फ	वित्तीय व्यवस्था	कुल बजेट
११.	३३७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३१७८५७	१४९८९०५०	०	१५३०६९०७
१२.	३४०	खेलकुद तथा समाज कल्याण मन्त्रालय	३५२३३५	१०८१३९१	०	१४३३७२६
१३.	३५०	शिक्षा तथा सँस्कृति मन्त्रालय	१३२३६२०	२१७७८९१	०	३५०१५११
१४.	३७०	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३८३३४२०	२८७५४१६	०	६७०८८३६
१५.	३७१	श्रम तथा यातायात मन्त्रालय	२५४०१६	९४८७५	०	३४८८९१

१	२	३	४	५	६	७
क्र.स.	अनुदान संख्या र उपशीर्षक संकेत संख्या	शीर्षकको नाम	चालु तर्फ	पुँजीगत तर्फ	वित्तीय व्यवस्था	कुल बजेट
१६.	३४१	प्रदेश नीति तथा योजना आयोग	५५६३८	१७८५	०	५७४२३
१७.	६०१	कर्मचारी सुविधा तथा सेवा निवृत सुविधा	१००००	०	०	१००००
१८.	६०२	अर्थ मन्त्रालय विविध	१६८३३८८	१४९६६००	०	३१७९९८८
१९.	८०१	स्थानीय तह	२१०४५००	०	०	२१०४५००
जम्मा			१६४९६३९१	३७२२४७५	०	४९२१८८६६

अनुसूची -३

(दफा ६ को उपदफा (८) सँग सम्बन्धित)

स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको सारांश

(रु. हजारमा)

विवरण	महानगर पालिका	उप-महानगर पालिका	नगरपालिका	गाउँपालिका	जम्मा
समानीकरण	२७८६७	५७५१४	६४१५००	३८३११९	१११००००
सशर्तः चालु	०	०	०	०	०
सशर्तः पुँजीगत	८०००	२४०००	३६२०००	१९६०००	५९००००
विशेषः चालु	२०००	६०००	१६००००	१३६०००	३०४०००
विशेषः पुँजीगत	०	०	०	०	०
समपुरकः चालु	०	०	०	०	०

समपुरकः पुँजीगत	कुलः चालु	कुलः पुँजीगत	कुलः जम्मा
०	२९८६७	८०००	३७८६७
३५००	६३५१४	२७५००	९१०१४
५७०००	८०१५००	४१९०००	१२२०५००
४००००	५१९११९	२३६०००	७५५११९
१००५००	१४१४०००	६९०५००	२१०४५००